# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति - २०८१

(Gender Equality and Social Inclusion Mainstreaming Strategy – 2024)



सभापोखरी गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय

बाह्रविसे, संखुवासभा

कोशी प्रदेश , नेपाल

२०८१

# बिषय सूची


बिषय सूची ..... क
तालिका सूची ..... ग
१. पृष्ठभूमि ..... १
१.१. सभापोखरी गाउँपालिकाको परिचय ..... ५
१.२. लैससास रणनीति को आवश्यकता र औचित्य ..... ६
१.३. लैससास रणनीति निर्माणको आधार, बिधि तथा प्रक्रियाहरु ..... ८
१.४. लैससास क्षेत्रमा लक्षित समुदायत्को पहिचान र बर्गिकरण ..... ८
२. लैससास को अवस्था र विश्लेषण ..... ९
२.१. स्थानीय तहको लैससास को अवस्था ..... ९
२.२. लैससास सम्बन्धमा प्रमुख रुपमा देखिएका समस्या चुनौती र अवसरहरु ..... ९
२.३. पालिकाको स्वोट (SOWT) विश्लेषण ..... ९
२.४. सरोकारवाला पहिचान तथा विश्लेषण ..... ११
२.५. लक्षित वर्ग पहिचान ..... १२
२.६. लक्षित वर्गका समस्या पहिचान ..... १२
३. दिर्घकालीन सोच ..... १५
४. धेय ..... १५
५. लक्ष्य ..... १५
६. उद्धेश्यहरु ..... १५
७. रणनीतिहरु ..... १६
७.१ मूलप्रवाहिकरण ..... १६
७.२ सशक्तिकरण: ..... १६
७.३ क्षमता बिकासः ..... १६
७.४ समन्वय, सहकार्य र सहजीकरणः ..... १६
७.५ अनुगमन तथा मूल्यांकन ..... १६
८. रणनैतिक क्रियाकलापहरु ..... १८
८.१. रणनैतिक कृयाकलापहरु र कार्ययोजना (आ. व.२०८१/८२ देखि २०८३/८४ सम्म, तिन आ.व. को कृयाकलापहरु) ..... १८
९. बित्त व्यवस्थापन ..... ३५
१०. कानुनी व्यवस्था ..... ३५
१०.१. नीतिको पुनरावलोकन तथा सुधार ..... ३५
१०.२. खारेजी तथा बचाऊ ..... ३५
११. रणनीतिको कार्यन्वयनको जिम्मेवारी तथा दद्दयित्व ..... ३६
१२. रणनीतिको कार्यन्वयन अनुगमन तथा मुल्यांकन सम्बन्धि व्यवस्था ..... ३८
१२.१. लैससास मूलप्रवाहीकरण रणनीति कार्यन्वयन तथा अनुगमन समिति ..... ३८

१२.१.१ लैससास मूलप्रवाहीकरण रणनीति कार्यन्वयन तथा अनुगमन समितिको काम, कर्तब्य र अधिकार ........................................................ ३८
१२.२. लैससास मूलप्रवाहीकरण रणनीति कार्यन्वयन तथा अनुगमन उपसमिति वडास्तरमा.............. ३९
१२.२.१ लैससास समन्वय उपसमितिको काम, कर्तब्य र अधिकार.................................... ३९
१२.३.गुनासो व्यवस्थापन........................................................................ ४१
१३. जोखिम विश्लेषण........................................................................ ४२
१४. लैससास रणनीतिबाट आउने अपेक्षित उपलब्धिहरु.................................................. ४३
१५. विविध........................................................................ ४३
१५.१. बाधा अडचन फुकाउने........................................................................ ४३
१६. अनुसुचिहरु ........................................................................ ४४

# तालिका सूची

तालिका १: सभापोखरी गाउँपालिकाको सवल पक्ष, कमजोर पक्ष, अवसर, र चुनौति (SWOT) विश्लेषण..... १०
तालिका २: सरोकारवाला पहिचान तथा विश्लेषण....................................................................११
तालिका ३: लक्षित वर्ग पहिचान........................................................................................१२
तालिका ४: लक्षित वर्ग समस्या पहिचान ...........................................................................१२
तालिका ५: पहिलो वर्ष (आ. व. २०८१/८२) को रणनितिक कृयाकलापहरु.................................१८
तालिका ६: दोस्रो वर्ष (आ. व. २०८२/८३) को रणनितिक कृयाकलापहरु र कार्ययोजना................ २४
तालिका ७: तेस्रो वर्ष (आ. व. २०८३/८४) को रणनितिक कृयाकलापहरु र कार्ययोजना................. २९
तालिका ८: रणनीतिको कार्यान्वयनमा पालिकाको जिम्मेवारी र दायित्व.......................................३६
तालिका ९: सम्भावित जोखिम तथा न्यूनिकरणका लागि ध्यान दिनुपर्ने कुराहरु............................. ४२

# १. पृष्ठभूमि

नेपालको संविधान २०७२ ले लैंगिक विभेद अन्त्य गरि समानुपातिक समावेशी र सहभागितामुलक सिद्धान्तका आधारमा विभेद रहित सम्बृद्ध र न्याय पूर्ण समतामुलक समाजको निर्माण गर्ने संकल्प गरेको छ | राज्यको तिनवटै शासकीय तहमा महिला दलित, आदिवासी, जनजाती, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, अल्पसंख्यक, सिमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येस्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, भिन्न तरिकाले सक्षम् व्यक्तिहरुको समानुपातिक रुपमा अधिकार सुनिश्चित गरेको छ |लैंगिक समानता र सामाजिक समाबेशीकरण लाइ मौलिक हक र राज्यको निर्देशन सिद्वान्तका रुपमा ब्याख्या गरेको छ | संविधानको धारा १६ ले सबै नागरिकको समान पुर्बक बाच्न पाउने हक, धारा १७ ले स्वतन्त्रताको हक, धारा १८ ले समानताको हक, धारा ३८ ले महिलाको हक, धारा ४२ ले सामाजिक न्यायको हक, धारा ५१ (ज) ले समाजिक न्याय र समाबेशीकरण सम्बन्धि नीतिको ब्यबस्था गरेको छ भने धारा ५२ ले राज्यले गर्नुपर्ने दायित्वको पनि व्यवस्था गरेको छ | धारा ३८ मा महिलाको हक अन्तर्गत मौलिक हकको व्यवस्थाले समान बंशीय अधिकार, राज्यका सबै सरकारमा सहभागिता हुने अधिकार, सम्पति तथा पारिवारिक मामिला सम्बन्धि अधिकार, स्वास्थ्य, शिक्षा, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ | समान कामका लागि लैंगिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गरिने छैन | साथै महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक  परम्परा, प्रचलन वा अन्य कुनै आधार मा शारीरिक, मानसिक, यौनजन्य, मनोबैज्ञानिक वा अन्य कुनै किसिमको हिँसाजन्य कार्य वा शोषण गरिने छैन | यस्ता हिँसाजन्य कार्यहरुलाई कानुन बमोजिम दण्डनीय हुने र पिडित ले क्षतिपुर्ति पाउने हक हुनेछ भन्ने समेतको व्यवस्था गरेको छ । राज्यले नागरिक हरु बीच धर्म, जात, भाषा, लिङ्ग, बर्ण, आर्थिक अवस्था, क्षेत्र, बैचारिक आस्था वा अन्य कुनै आधारमा भेदभाव गर्ने छैन । लैंगिक समतामुलक राष्ट्र निर्माणको सोच र लैंगिक उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्ने उद्देश्य सहित १५ औ आवाधिक योजना (आर्थिक वर्ष २०७६/७७ देखि २०८०/८१ कार्यन्वयन मा रहेको छ ।

संविधानको धारा १८ मा समानताको हकले नागरिकहरु सामाजिक र संस्कृतिक रुपले पछाडी परेका समुदायहरुलाई संरक्षण र सशक्तिकरण गर्दै विकास गर्ने बिशेष प्रावधानहरुको ब्यबस्था गरेको छ । समान कामका लागि लैंगिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गरिने छैन । यसैगरी संविधानको धारा ४२ मा सामाजिक न्यायको हकले राज्यको हरेक सरकारहरुमा समाबेशी र समानुपातिक प्रतिनिधित्वको सिद्दान्त आधारमा जनताको सहभागिताको आधार स्थापना गरेको छ | संविधानले सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिबासी, जनजाती, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सिमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्तिहरु,

पिछडिएको क्षेत्र, आर्थिक रुपले बिपन्न, खस, आर्य लगाएतका नागरिकहरुको संरक्षण, सशक्तिकरण र बिकासका बिशेष कार्यक्रम संचालन गर्न सकिने ब्याख्या पनि गरेको छ ।

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ ले पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीय स्तरमा बिकासका लागि आवधिक, बार्षिक, रणनितिगत रुपमा मध्यकालिन तथा दिर्घकालिन योजना बने लागु गर्नुपर्ने कुरालाई कानुनि दायित्वको रुपमा ब्यबस्था गरेको र सोहि दफाको उपदफा २ मा योजना बनाउदा लैंगिक तथा सामाजिक समाबेशीकरण सम्बन्धि अन्तरसम्बन्धित बिषयलाई ध्यान दिनुपर्ने भनि उल्लेख गरेको छ ।

लैंगिक समानता र सामाजिक समाबेशीकरण बिना अपेक्षित प्रतिफल प्राप्त गर्न नसकिने तथ्यलाई ध्यानमा राख्दै संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको राष्ट्रिय सामाजिक समाबेशी नीति २०७७, महिला, बालबालिका तथा ज्येस्ठ नागरिक मन्त्रालयबाट रास्ट्रीय लैङ्गिक समानता नीति २०७७ लाइ कार्यन्वयनका लागि आवश्यक नीतिगत ब्यबस्था गरेको छ भने प्रदेश तथा स्थानीय तहमा पनि लैससास नीति र आवश्यक रणनीति बनाउन सके मात्र समाबेशी लोकतन्त्रलाइ संस्थागत गर्न, सामाजिक न्याय कायम गर्न र राज्यका संरचनाहरुमा सबै नागरिकको समतामुलक पहुँच स्थापित गर्न मदत पुग्न सक्छ ।

सभापोखरी गाउँपालिकाको पनि यहि आवश्यकता र यथार्थ लाइ मध्यनजर गरि लैससास रणनीति तयार गरेको हो । लैंगिक मैत्री समाबेशी गाउँपालिका बनाउने परिकल्पना अनुरुप सामाजिक तथा सांस्कृतिक रुपमा पछाडी पारिएका वा परेका महिला दलित, आदिवासी, जनजाती, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, अल्पसंख्यक, सिमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्तिहरु अशक्त वा असहाय, पिछडिएको क्षेत्र, एकल महिला र हिंसा पिडितहरुलाई समान सहभागिता अग्रसरता र निर्णय प्रक्रिया हरुमा अर्थपूर्ण सहभागिताको भूमिका सहित लैंगिक समानता र सामाजिक समाबेशीकरण मार्फत सबैले आत्मसम्मान बोध हुने बातावरण निर्माण गर्न र स्थानीय तहबाट गठन तथा संचालन हुने समिति संरचना र क्रियाकलापहरुलाई मुलप्रवाहिकरणको माध्यमबाट लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण पद्दति लाइ सस्थागत गर्न सभापोखरी गाउँपालिकाले लैङ्गिकसमानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहीकरण रणनीति २०८१ तर्जुमा गरियेको छ ।

## संक्षिप्त नाम र परीभाषा

यस रणनीतिको नाम लैगिंक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहीकरण रणनीति २०८१ रहने छ र यो सभापोखरी गाउँपालिकाले स्वीकृति गरेको मिति देखि लागु हुनेछ ।

परिभाषा विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस रणनीतिमा

क) **"रणनीति"** भन्नाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहीकरण रणनीति २०८१ सम्झनु पर्दछ ।

ख) **“स्थानीय तह”** भन्नाले गाँउपालिका, नगरपालिका र जिल्ला समन्वय समिति सम्झनु पर्दछ ।

ग) **“गाउँपालिका”** भन्नाले सभापोखरी गाउँपालिका सम्झनु पर्दछ ।

घ) **“कार्यक्रम”** भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएका आयोजनाहरुको संयोजित रुप सम्झनु पर्दछ ।

ङ) **“योजना”** भन्नाले समग्र विकास निर्माण सम्बन्धी कार्यको लागि तयार गरिएको स्थानयि तहको आवधिका विकास योजना, बार्षिक विकास योजना, एकीकृत शहरी विकास योजना, नगर सडक गुरुयोजना र विषयगत गुरुयोजना, रणनीति योजना आदि सम्झनु पर्दछ ।

च) **“समाजिक वञ्चितीकरण”** भन्नाले परम्परादेखि चलिआएको अनौपाचारिक मुल्य मान्यत बमोजिम लिङ्ग, जातजाति, धर्म, आदि विभेद कारणले सुविधाबाट वञ्चित भएको अवस्थालाई मान्नुपर्दछ ।

छ) **“सामाजिक समावेशीकरण”** भन्नाले अवसर तथा स्रोत साधन उपभोगबाट वञ्चित भई जोखिममा परेका र आर्थिक सामाजिक तथा साँस्कृतिक जीवनयापन गर्नबाट वञ्चित भई गरिवी तथा सामाजिक रुपमा वञ्चितिकरण परेका समुहहरुलाई विकास निर्माण र कार्य सम्पादनका प्रकृयामा सहभागिगी गराई उपलव्ध अवसर, श्रोत, साधन तथा आधारभूत अधिकार उपयोग गर्ने कुराको सुनिश्चिततालाई बुझ्नु पर्दछ ।

ज) **“लैससास सम्पर्क व्यक्ति वा सामाजिक समावेशीकरण सम्पर्क व्यक्ति”** भन्नाले कुनै कार्यलय वा निकायमा लैङ्गिक समानता तथा समाजिक समावेशीकरण विषय हेर्ने गरी सम्पर्क व्यक्तिको रुपमा तोकिएको कर्मचारीलाई सम्झनु पर्छ।

झ) **“सामाजिक सामावेशी बजेट”** भन्नाले स्थानीय निकायको योजना तर्जुमा गर्दा समाजमा रहेका विभिन्न जातजाति क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्तिहरु, बालबालिका तथा जेष्ठ नागरिकहरुको आवश्यकता सहभागितामूलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरु प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने कार्यक्रम र बजेटलाई बुझ्नु पर्दछ ।

ञ) **“विकास साझेदार”** भन्नाले सरकारसँग भएको सम्झौता बमोजिक नगद, जिन्सी एवम प्राविधिक सरहयोग उपलव्ध गराउने द्धिपक्षीय एवम् बहुपक्षीय दातृनिकाय, सयुक्त राष्ट्रसंघीय निकायहरु तथा अन्तराष्ट्रिगैरसरकारी संस्था सम्झनु पर्दछ ।

ट) **“गैरसरकारी संस्था”** भन्नाले प्रचलिन कानून वमोजिम स्थापना भएका स्थानीय तहबाट आफ्नो कार्यक्रम स्वीकृत गराई स्थानीय तहसँग समन्वय राखी कार्य संचानल गर्ने गैर नाफामूलक संस्था बुझनु पर्दछ ।

ठ) **“लैङ्गिक उत्तरदायी बजेट”** भन्नाले लैङ्गिक समानताको लागि बजेट सुनिश्चितता, बजेटका सबै प्रक्रियमा लैगिक मूलप्रवाहिकरण र उपलब्धीको समतामूलक वितरणका साथै उपभोगको लागि

लैङ्गिक विश्लेषण सहित योजनावद्ध रुपमा उद्देश्यमूलक कार्यक्रमहरु तर्जुमा र प्राथमिकिरण गर्दै कार्यक्रम छनौट गरी लगानि गर्ने पद्धतिलाई जनाउँछ ।

ड) **"उपभोक्ता समिति"** भन्नाले परम्परागत रुपमा लामो समयदेखि जातिय, आर्थिक, लैङ्गिक, पछाडि पारिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थरु, मुस्लिम, पिछडावर्गा, अल्पसंख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एकल महिला र हिंसा पीडित, अल्पसंख्यक, जेष्ठ नागरिक बालबालिका एवं दुर्गम क्षेत्रमा बसोबास गर्ने जनता बुझ्नु पर्दछ ।

ढ) **"अल्पसंख्यक"** भन्नाले संघीय कानून बमोजिम निर्धारित प्रतिशत भन्दा कम जनसंख्या रहेको जातिय भाषिक र धार्मिक समूह सम्झनु पर्छ र सो शब्दले आफ्नै जातीय, धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई बचाई राख्ने आकांक्षा रहेका, विभेद र उत्पीडन भोगेका समूह समेतलाई जनाउँदछ ।

ण) **"स्थानीयकरण"** भन्नाले कुनै पनि विषय वा कार्यक्रमलाई कुनै स्थानीय ठाँउ विशेषको परिस्थतीति वा अवस्था अनुसार ढाली अधिकतम उपयोग गर्ने प्रकृया बुझ्नु पर्दछ ।

त) **"लैङ्गिक समता"** भन्नाले अवसर र न्यायबाट वञ्चित महिला र पुरुषलाई थप अवसर दिएर समातामूलक स्थितीको निर्माण गर्न गरिने प्रयासलाई सम्झनु पर्छ ।

थ) **"लैङ्गिक समानता"** भन्नाले महिला र पुरुष बिच सबै तह र क्षेत्रमा समान अवसर र समान लाभ हाँसिल गर्ने अवस्थालाई सम्झनु पर्छ ।

द) **"लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण"** भन्नाले महिला तथा पुरुष र विभिन्न सामाजिक समूहहरु बीचको असमान सम्बन्धहरुलाई पुन सुनिश्चित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरुका लागि समान अधिकार, अवसर, एवं सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नु पर्ने विषयलाई बुझ्नु पर्दछ ।

ध) **"लैङ्गिक मूलप्रवाहीकरण"** भन्नाले कुनै पनि योजनाबद्ध कार्य, नीति नियम, कार्यक्रम कार्यन्वयनको हरेक क्षेत्र तथा तह र तप्कामा महिला तथा वञ्चितिकरणमा परेका वा पारिएका समुहहरुलाई समाहित गर्ने प्रक्रियालाई सम्झनु पर्दछ ।

न) **"सीमान्तकृत"** भन्नाले राजनितिक, आर्थिक र सामाजिक रुपले पछाडि पारिएको, भौगिलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेको वा त्यसबाट वञ्चित रहो संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र यो शव्दले अति सीमान्तकृत र लोपन्मुख समुदाय समेतलाई जनाउँछ ।

प) **"खण्डीकृत तथ्याङ्क"** भन्नाले महिला तथा पुरुष, जातिय अल्पसंख्यक समूह, अपाङ्गता भएका तथा अन्य सिमान्तकृत समूहहरुको तहगत तथ्याङ्कलाई बुझ्नु पर्दछ ।

फ) **“सामाजिक परिक्षण”** संस्थाद्धारा संचालिन कार्यक्रमको सामाजिक आर्थिक तथा वातावरणीय लाभ एव मापदण्डरुको लेखाजोखा सहित सामाजिक रुपमा प्रर्दशन गर्न प्रकृयालाई बुझ्नुपर्दछ ।

ब) **“बञ्चित समुह”** भन्नाले परम्परागत रुपमा लामो समय देखि जातिय, आर्थिक, लैङ्गिक अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसंख्यक एवम् भौगोलिक कारणले गर्दा पछि परेका महिला, दलित आदिवासी, जनजाति, आपाङ्ग, जेष्ठ नागरिक, बालबालिका एवं दुर्गम क्षेत्रमा बसोबास गर्ने जनाता सम्झनु पर्दछ ।

भ) **“टोल विकास संस्था”** भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १२ (२) क बमोजिम सामाजिक परिचालनको अवधारणा बमोजिम गठन हुने समूह सम्झनु पर्छ ।

म) **“उपभोक्त समिति”** भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले कुनै आयोजना निर्माण, संचालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरु मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनु पर्दछ ।

य) **“लैङ्गिक प्रभाव विश्लेषण”** भन्नाले नीति तथा अभ्यासहरुको परीक्षण गरेर कुनै पनि योजना कार्यक्रम तथा आयोजनाबाट महिला एवम् पुरुष कत्तिको लाभान्वित भएका छन् भन्ने अवस्थाको विश्लेषण् गर्ने कार्यलाई सम्झनु पर्दछ ।

र) **“लैससास बजेट”** भन्नाले स्थानीय निकायको योजना तर्जुमा गर्दा समानमा रहेका विभिन्न जातजाति क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, तेश्रोलिङ्गी, अपाङ्गता भएका व्यक्तिहरु, बालबालिका तथा जेष्ठ नागरिकहरुको आवश्यकता सहभागितामूलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरु प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने कार्यक्रम र बजेठलाई बुझ्नु पर्दछ ।

ल) **“लक्षित समुदाय”** भन्नाले यस लैससास नीतिको प्रयोजनको लागि निम्न उल्लेखित वर्ग तथा समूहलाई लक्षित समूदायको रुपमा मानिएको छ । समुदायमा पछाडि पारिएका महिला, दलित, आदिवासी जानजाति, मद्देशी, थारु, मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एकल महिला र हिंसा, तथा पछाडि पारिएका वा वहिष्करणमा परेका समुदाय भन्ने बुझ्नुपर्दछ ।

## १.१. सभापोखरी गाउँपालिकाको परिचय

नेपाल सरकारले साविकका ३ ओटा गाविसहरु (धुपु, बाह्रबिसे र सभापोखरी) लाई गाभेर मिति २०७३ साल फागुन २७ गते सभापोखरी गाउँपालिकाको पुनःसंरचना गरेको छ । गाउँपालिका बन्नु अघि छुट्टा छुट्टै बिशेषता बोकेका धुपु, बाह्रबिसे र सभापोखरी गाविसलाई मिलाएर प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थल सभापोखरीलाई आधार मानि यस गाउँपालिकाको नाम सभापोखरी गाउँपालिका नामाकरण गरिएको हो । प्राचीनकालमा ब्यास पुत्र शुकदेव आई शौनकादि ऋषिहरुलाई पुराण सुनाईसकेर सभा गरेको हुँदा त्यहींबाट नै सभापोखरी नाम रहन गएको जनश्रूति छ । अर्को

किम्बदन्ति अनुसार पृथ्वीमा दैत्यहरुले गर्ने बिनाश रोक्न देवताहरुले यहाँ सभा बसी योजना बनाएका थिए । सभाखोलाको उद्गमस्थलको रुपमा रहेको यो पोखरी धार्मिक, पर्यटकीय, सौन्दर्य तथा जैबिक बिबिधता बोकेको क्षेत्र समेत हो । गाउँपालिकाको नाम सभापोखरी रहेतापनि यहाँको बाह्रबिसे बजार ऐतिहासिक रुपले उत्तिकै महत्व बोकेको पुरानो ब्यापारिक केन्द्रको रूपमा रहेको छ ।

सभापोखरी गाउँपालिका संखुवासभा जिल्लाको उत्तर पूर्वी क्षेत्रमा अवस्थित छ । यस गाउँपालिकाको पूर्वमा ताप्लेजुङ जिल्ला, पश्चिममा खाँदबारी नगरपालिका र चिचिला गाउँपालिका, उत्तरमा मकालु गाउँपालिका पर्दछन् भने दक्षिणमा पाँचखपन नगरपालिका रहेको छ । यस सभापोखरी गाउँपालिकामा साविकको धुपु गाविसका १-४ वडालाई वडा नं. १, साविक धुपु गाविसका ५-९ वडालाई वडा नं.-२, साविक बाह्रबिसे गाविसका १-६ वडालाई वडा नं.-३, बाह्रबिसे गाविसका ७-९ वडालाई वडा नं.- ४, साविक सभापोखरी गाविसका ७-९ वडालाई वडा नं.-५ तथा सभापोखरी गाविसका १-६ वडालाई वडा नं.- ६ कायम गरिएको छ ।

यस पालिका मा कुल क्षेत्रफ़ल — २२२.०८ वर्ग किमी, कुल घरधुरी — (२०७८) २५०७ र कुल जनसंख्या — (२०७८) ९९७० रहेको छ |

**जात, जाति र मातृभाषाः**

यहाँ अधिकांश मानिसहरू लिम्बू (२३.२ %), तामाङ (१६.६ %), र राई (१४%) छन्। मगर र क्षेत्री कुल जनसंख्याको करिब ९% छन्। साथै, ब्रामिन र बी.क. ५ % रहेका छन्।

अधिकांश मानिसहरू किरात (४४.८%) धर्मका छन्, त्यसपछि बौद्ध (२६.४%) र हिन्दू २६.२% छन्। जनसंख्याको २.५ % ईसाई धर्म मान्दछन।

यस क्षेत्रमा बसोबास गर्ने मानिसहरूले प्रायः नेपाली (३२.४ %) लिम्बू (२२.६ %) र तामाङ (१४.७ %) भाषा बोल्छन्। याम्फु र मगर भाषा बोल्ने मानिसहरू लगभग ७% रहेका छन्.|

**अपाङ्गता**

यस गाउँपालिकामा कूल जनसंख्या को ४.५% फरक क्षमता भएका मानिसहरु रहेका छन् | जसमध्य ४.६% महिला र ४.४% पुरुष रहेका छन् |

*स्रोत : जनगणना २०७८, कोशी प्रदेश*

## १.२. लैससास रणनीति को आवश्यकता र औचित्य

लैससास क्षेत्रमा नीतिगत तथा ब्यबहारीक तवरबाट सुधारका पहलहरु भएतापनि दलित, महिला, अपांगता भएका व्यक्तिहरु लगाएत आर्थिक तथा सामाजिक रुपमा पछाडी रहेको नागरिकहरुले सामाजिक तथा आर्थिक जीवनमा उल्लेख्य सुधार हुन सकेको छैन | नेपालको संबिधानमा व्यवस्था भएको मौलिक हक, राज्यको पुनर्संरचना र अधिकारको बाडफाडको कार्यन्वयनलाइ प्रभावकारी

बनाउन चालु पन्ध्रौ योजनाको लक्ष्य एबम् उद्देश्य हासिल गर्न कुप्रथा र भेदभाव हटाई समान पहुँच र अवसर प्रदान गरि समानता कायम गर्नका लागि न्याय पूर्ण समाजको स्थापना गर्न आवश्यक रहेको छ | समाबेशी लोकतन्त्र लाई संस्थागत गर्न, सामाजिक न्याय कायम गर्न र स्थानिय निकाय अन्तर्गत बनाइने समिति तथा संरचनाहरुमा लैससास समुदायका व्यक्तिहरुको समतामुलक र अर्थपूर्ण पहुँच स्थापित गर्न पनि लैंगिक समानता र सामाजिक समाबेशिकरण आवश्यक रहन्छ |

नेपालले गरेको राष्ट्रिय तथा अन्तरास्ट्रिय प्रतिबद्दतालाई पुरा गरि समानता कायम गर्नका लागि राष्ट्रिय लैंगिक समानता नीति आवश्यक रहेको छ | सबै वर्ग तथा समुदायहरुको आवाज वा गुनासो सुन्न सकिएको छैन | लैससास अन्तर्गतका समुहहरुलाई आफ्नो अधिकार र बिधमान कानुनी प्रावधानका सम्बन्धमा यथेस्ठ जानकारी हुन सकेको छैन । समाजमा बिभिन्न गलत अभ्यास, रिति रिवाज, चालचलन विधमान रहेका छन् । जसले बिकासका लागि व्यक्तिहरुको अर्थपुर्ण सहभागिता सुनिश्चितता गर्न राज्यको स्रोत साधनलाई पारदर्शी र जवाफदेही बनाउन निम्नलिखित आवश्यकताहरु छन् |

- शासकीय प्रणालीमा सबै वर्ग, लिङ्ग र क्षेत्रका नागरिकको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्न |
- स्थानीयको योजनमा तर्जुमा प्रक्रियालाइ लैंगिक उत्तरदायी बनाउन संगै नीति, कानुन र संरचनामा लैससास मुलप्रवाहीकरण गर्न |
- यस अन्तर्गत संचालन हुने रणनीतिक योजना तथा कार्यक्रमलाई मार्गदर्शन गर्न सरोकारवालाहरु बीच बुझाइमा एकरुपता कायम गर्न र लैससास सम्बन्धि कानुनी व्यबस्थाको कार्यन्वयनमा सहयोग पुर्याउन |
- राष्ट्रिय तथा अन्तरास्ट्रिय सम्बन्धमा लैससास सम्बन्धमा गरिएका प्रतिबद्धता, संघिय र प्रदेश सरकारका लैससास सम्बन्धमा गरिएका प्रतिबद्धता अनुरुपको दायित्व पुरा गर्न |
- लैससास अन्तर्गतका समूहहरुका समस्या र पिडित बर्गका गुनासो सुनुवाईको उचित व्यवस्था गर्न। सरकारमा सामाजिक समावेशीकरणका अभ्यासहरुलाई संस्थागत गर्न | लैंगिक असमानता र हिंसाका विभिन्न स्वरूपलाई निरुत्साहित गर्न ।
- बालबालिकाहरुको सर्वांगीण बिकासको लागि समुदाय स्तरमा बाल क्लब तथा अन्य बालबालिका लक्षित अतिरिक्त क्रियाकलापहरु संचालन गर्न  ज्येस्ठ नागरिक, अपांगता भएका व्यक्तिहरुका लागि आवश्यक कार्ययोजना तर्जुमा गर्न
- स्थानीय उत्पादनहरुलाई महिलाहरुको आर्थिक विकास संग जोडेर सशक्तिकरण गर्न |
- सामान्य तथा मध्यम अपाङ्गता भएका र सामान्य काम गर्ने सक्ने ज्येष्ठ नागरिकहरुलाई आर्थिक विकास संग जोडनको लागि आवश्यक कार्ययोजना गर्न |
- राज्यको स्रोत, साधन, अवसर र लाभको वितरणमा लैससास समुदायका व्यक्तिहरुको पहुच वृद्धि गरेर समानुपातिक बितरणको व्यवस्था सुनिश्चित गर्न |
- स्थानीय सरकारबाट प्रवाह हुने सेवा सुविधामा लैससास समुदायका व्यक्तिहरुको पहुच वृद्धि गर्न |ङ्गीण

- राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्बन्धमा लैससास सम्बन्धमा गरिएका प्रतिबद्धता अनुरुपको दायित्व पुरा गर्न । अब नेपाल सरकारले गरेको दिगो बिकासको लक्ष्य पुरा गर्न लैससास रणनीतिको आवश्यकता पर्दछ ।

## १.३. लैससास रणनीति निर्माणको आधार, बिधि तथा प्रक्रियाहरु

समाबेशी बिकासका लागि महिला, बालबालिका, दलित, जनजाती, ज्येष्ठ नागरिक, यौनिक अल्पसंख्यक लगायत सिमान्तकृत, विभेद र बन्चितीकरणमा परेका वा पारिएका बर्गलाई बिकासको मूल प्रवाहमा ल्याउनु यस रणनीतिको मुख्य उधेश्य रहेको छ ।

- जातजाति, लिङ्ग, वर्ग, अपाङ्गता भएका तथा उमेरका आधारमा विभेदमा रहेका महिला, बालबालिका, दलित, जनजाती, ज्येष्ठ नागरिक, यौनिक अल्पसंख्यक लगायत सिमान्तकृत, र बिपन्न बर्गलाई सशक्तिकरण माध्यमबाट स्रोतसाधनमा समानुपातिक पहुंच बनाउन ।
- लैससास सम्बन्धि सवाललाई अन्तरसम्बन्धित बिषयको रुपमा विकास प्रक्रियामा समाबेश गर्न ।

## १.४. लैससास क्षेत्रमा लक्षित समुदायत्को पहिचान र बर्गिकरण

विभेद रहित समृद्ध र न्यायपूर्ण समाज स्थापनाको लागि नेपालमा बिगत देखि महिला दलित, आदिवासी, जनजाती, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, अल्पसंख्यक, सिमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्तिहरु अशक्त वा असहाय, पिछडिएको क्षेत्र, एकल महिला र हिंसा पिडितहरुलाई समग्र विकास प्रक्रियामा मुलप्रवाहिकरण गर्ने प्रयास गरिएको छ । यसका लागि विभिन्न कार्यक्रमहरु कार्यन्वयनमा ल्याइएको छ । परिणाम स्वरूप लैससास अन्तर्गतका समुदायको सशक्तिकरणमा उल्लेखनीय योगदान पुगेको छ ।

यस स्थानीय तहमा लिम्बु ब्राह्मण र क्षेत्री जातिको बाहुल्यता रहेको छ भने तामाङ्ग परियार र बि.क. अल्पसंख्यक रहेका छन् ।

# २. लैससास को अवस्था र विश्लेषण

## २.१. स्थानीय तहको लैससास को अवस्था

यो स्थानीय तहले लैङ्गिक हिँसा बिरुद्धको प्रतिबद्धता पत्रमा हस्ताक्षर गरेर यस अभियानमा ऐक्यबद्धता जनाईसकेको छ भने आफ्ना नीति तथा कार्यक्रमहरुमा पनि लैससास लाइ नीतिगत रुपमा प्राथमिकतामा राखेको छ। लैंगिक समानताको प्रयासहरुले महिलाको शिक्षा, स्वास्थ्य, सम्पत्ति माथिको स्वामित्व तथा श्रम सहभागितामा सकारात्मक परिवर्तन भएको छ | आमा समूह तथा महिला विकास समूह मार्फत महिलाहरु बचत कार्यमा सक्रिय भएका छन् । पालिकाको लैंगिक समानता तथा सामाजिक समाबेशीकरण रणनीतिलाई प्रबर्धन गर्दै लैजाने नीति तथा कार्यक्रमहरु तर्जुमा गर्ने अभ्यासमा यो गाउँपालिकाले ऐन, नियम कार्यविधि तथा विभिन्न मापदण्ड तर्जुमा गर्दा लैससास सम्बन्धि संबेदनशील भएर बनाउने प्रयास गरेको छ |

## २.२. लैससास सम्बन्धमा प्रमुख रुपमा देखिएका समस्या चुनौती र अवसरहरु

समाबेशी लोकतन्त्रलाई सस्थागत गर्न, सामाजिक समतामुलक पहुँच स्थापित गर्न लैंगिक समानता र सामाजिक समाबेशीकरण अवधारणा आवश्यक छ | प्रत्येक समुदाय जातजातिहरुको, समानुपातिक, सन्तुलित र न्यायसंगत प्रगति हुन सके मात्रै मुलुकमा दिगो शान्ति र उन्नति प्रत्याभूत हुन्छ | समाजमा बिधमान लैंगिक, जातीय असमानता, विभेदयुक्त ब्यबहार, मूल्य र मान्यता, महिला शोषण तथा उत्पीडन, गरिबी आदिजस्ता बिसंगतिहरुलाई निरुत्साहित गर्न नेपाल सरकारद्वारा लैससास क्षेत्रमा राष्ट्रिय तथा अन्तरास्ट्रिय स्तरमा गरिएका हस्तक्षर तथा प्रतिबद्धताहरुलाई कार्यन्वयन गर्न सरकार, गैर सरकारी क्षेत्र, निजि क्षेत्र तथा नागरिक समाज र दातृ निकाय समेतको संयुक्त प्रयासमा उल्लेख्य कार्यहरु भएका छन् |

यसै सन्दर्भ मा यस स्थानीय तहमा मा लैंगिक समानता र सामाजिक समाबेशीकरणको समस्या, चुनौती र अवसरहरु सहभागितामुलक विधिद्वारा यसको SOWT विश्लेषण गरेर निकालिएको छ |

## २.३. पालिकाको स्वोट (SOWT) विश्लेषण

समाबेशी लोकतन्त्रलाई संस्थागत गर्न, सामाजिक न्याय कायम गर्न र पालिका अन्तर्गत समिति र संरचना निर्माणमा लक्षित् बर्गको समतामुलक पहुँच स्थापित गर्न लैंगिक समानता र सामाजिक समाबेशिकरण मूलप्रवाहिकरणको सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौती देहायानुसार रहेका छन |

**तालिका १: सभापोखरी गाउँपालिकाको सवल पक्ष, कमजोर पक्ष, अवसर, र चुनौति (SWOT) विश्लेषण**

| सवल पक्ष | कमजोर पक्ष |
|---|---|
| • गाउँपालिकामा न्यायीक समिति र वडामा मेल मिलाप केन्द्र गठन भएको<br>• बालविवाह बहुविवाह, लैंगिक हिंसाबारे सडकनाटक, अन्तरक्रियात्मक कार्यक्रम र सचेतीकरण गरिएको ।<br>• स्थानीय तहमा महिला र बालबालिका सम्वन्धी काम गर्ने कर्मचारीको व्यवस्था भएको<br>• समाजमा जुनसुकै सामाजिक गतिविधिहरु गर्दा समाबेशी भैरहेको छ जस्तै कुनैपनि उपभोक्ता समिति गठन गर्दा महिला पुरुष समानता लाई जोड दिने ।<br>• अल्पकालीन सेवा प्रवाह<br>• विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्था, राजनैतिक दल, नागरिक समाज तथा अन्य सरोकारवालाहरुको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी सकारात्मक सहयोग रहेको<br>• स्थानीय तहमा लैङ्गिक हिंसा निवारण कोष संचालन कार्य विधि २०७७ तयार गरि लागु गरिएको | • लक्षित वर्गका सामाजिक तथा आर्थिक समस्यहरुलाई सम्वोधन गर्नका लागि प्रयाप्त कार्यक्रमहरु संचालन गर्न नसक्नु<br>• लैससासका कार्यक्रम संचालनका लागि प्रयाप्त मात्रामा आर्थिक श्रोत जुटाउन नसक्नु<br>• लक्षित वर्गलाई मूल प्रवाहमा ल्याउनका लागि प्रयाप्त नीति तथा रणनीतिक योजना नहुनु<br>• हिंसा पिडित व्यक्तिहरुको तत्कालिन उद्धार कार्यका लागि पुनर्स्थापना केन्द्र/ बाल सुधार गृहको स्थापना गर्न नसक्नु<br>• अपाङ्ग मैत्री संरचना नहुनु र सुचानाबता प्रविधिको कारण पहुच बाट टाढा रहनु<br>• अवसर पाएको खण्डमा पनि कामकाज गर्न नसक्ने जसकारण समाजमा आर्थिक , सामाजिक, हिसाबमा कम्जोर महसुस भएको पाइन्छ, जस्तै महिला दिदीबहिनी हरु ले आफुले पाएको अवसर अधिकार सहि तरिकाले कार्यन्वयन गर्न नसक्नु |
| **अवसर** | **चुनौति** |
| • स्थानीय सरकारले महिला व्यवसायीलाई कर छुट गरी व्यवसाय गर्ने लैससासका लक्षित वर्गलाई प्रोत्साहन स्वरुप बजेटद्वारा सम्वोधन गर्ने नीति नियम बनाउन सकिने<br>• अपाङ्गहरुका लागि विभिन्न तालिम गोष्ठी गर्नको लागि उचित व्यवस्था भैरहेको ।<br>• महिला तथा विपन्न लक्षित व्यक्तिलाई विभिन्न उत्पादनमूक कार्यमा जोड्न सकिने र उनीहरुद्वारा उत्पादित सामग्रीहरुको बजार व्यवस्थापनमा सहयोग गर्न सकिने<br>• विद्यालय र वडाहरुमा गठन भएका वाल क्लवहरुको सहयोग लिन सकिने<br>• लैससासका लक्षित वर्गहरुसंग काम गर्ने विभिन्न संघ संस्थाहरुसंग साझेदारीमा काम गर्न सकिने | • महिलाहरुलाई रोजगारीका अवसरहरु प्राप्त नहुनु<br>• गरिबी तथा सहजरुपमा काम गर्न बातावरण नहुनु<br>• अपाङ्ग मैत्री संरचनाको निर्माणको चुनौती<br>• लक्षित बर्गहरुको पँहुच र सहभागितामा देखिएको कमीलाई अर्थपूर्ण सहभागिता गराई पँहुच बढाउन नसक्नु चुनौति भएको<br>• कानूनी रुपमा अधिकार प्राप्त भए पनि प्रकृया झन्झटिलो र कार्यान्वयनमा ढिलाई हुनु<br>• पितृसत्तात्मक सोचका कारण समाजले महिलालाई पुरुषको समकक्षी नभई तल्लो तहको वा कमजोर मान्ने सामन्ती सोच चुनौतिको रुपमा रहेको<br>• कार्य स्थलमा र समुदायमा भएका हिंसाका घटनाहरु उजुरीको रुपमा नआउनु |

*स्रोत: समूह छलफल, लैससास रणनीति तयारी कार्यशाला गोष्ठि, १० बैशाख २०८१, सभापोखरी गाउँपालिका हल, संखुवासभा ।*

**<u>अनुगमन तथा मुल्यांकन</u>**

पालिकाको सबै कार्यक्रम योजना र आयोजनाको प्रत्येक चरण मा लैससास दृष्टिकोणबाट अनुगमन समिति, उपभोक्ता समिति र अन्य संघ संस्थाहरुद्वारा अनुगमन तथा मुल्यांकन हुने गरेको छ | अनुगमन नगरी कुनै पनि बजेट प्रस्तावित गर्न नसकिने भएकाले अनिवार्य बिषयबस्तु अनुसारको अनुगमन गर्ने गरिएको छ | अनुगमन तथा मुल्यांकन प्रक्रिया संस्थागत रुपमै गर्ने गरिएको छ |

## २.४. सरोकारवाला पहिचान तथा विश्लेषण

सभापोखरी गाउँपालिकाका सरोकारवालाहरु नवनिर्वाचित जनप्रतिनिधिहरु, बिषयगत शाखाका प्रमुख एबम् कर्मचारीहरुको सहभागितामा बिस्तृत रुपमा छलफल तथा लैससास सवालमा स्थानीय तहको सवाल पक्ष सुधार पक्ष, अवसर र चुनौतिहरुको बिषयमा सरकारवाला सहित विभिन्न संघ संस्थाका सहभागीता बता पहिचान र विश्लेषण गरिएको छ भने यसका साथै यो लैससास रणनीति बनाउनको लागि मिश्रित बिधि अपनाइएको छ । यसका परिणात्मक भन्दा गुणात्मक विधिको प्रयोग गरिएको छ | गुणात्मकमा साक्षात्कार अन्तर्वार्ता, प्रश्नावली र सहभागिता मुलक विधिको अन्तरक्रियाबाट यो रणनीति बनाइएको छ | रणनीति निर्माणमा सम्बन्धित सरोकारवालाहरुको सहभागिता रहेको ले यो रणनीति प्रति सबै सरोकारवालाको अपनत्व विकास भई प्रभाबकारी कार्यन्वयनमा सहजता आउने छ | यस रणनीति तयार गर्ने क्रममा लैससास स्थानियकरण नीति २०७५ लाइ पनि आधार मानिएको छ |

**तालिका २: सरोकारवाला पहिचान तथा विश्लेषण**

| पहिलो तहका सरोकारवाला निकाय/ संस्था | दोस्रो तहका सरोकारवाला निकाय/ संस्था | तेस्रो तहका सरोकारवाला निकाय/संस्था |
|---|---|---|
| • गाउँपालिका अन्तर्गतका विभिन्न समिति तथा विषयगत शाखाहरु<br>• न्यायिक समिति<br>• लैससास नीति निर्देशन समिति<br>• महिला तथा बालबालिका शाखा<br>• योजना तथा प्रशासन शाखा<br>• शिक्षा शाखा<br>• स्वास्थ्य शाखा<br>• कृषि शाखा<br>• पशु सेवा शाखा<br>• सबै वडा कार्यालयहरु | • आमा समुह<br>• महिला कृषि समुह<br>• सहकारी संस्था<br>• बाल क्लब तथा बाल संजालहरु<br>• विद्यालय तथा बाल विकास केन्द्रहरु<br>• राष्ट्रिय अपाङ्ग महासंघ<br>• स्थानिय संञ्चार माध्यमहरु<br>• विभिन्न लघुवित्त संस्थाहरु/बैङ्कहरु<br>• महिला प्रहरी सेल<br>• जिल्ला प्रहरी कार्यालय<br>• स्वास्थ्य चौकी/केन्द्रहरु<br>• लघुउद्यम विकास कार्यक्रम<br>• नेपाल रेडक्रस सोसाइटी | • कोशी प्रदेश अनुसंन्धान तथा प्रशिक्षण केन्द्र, झापा<br>• कोशी प्रदेश योजना आयोग, विराटनगर<br>• सामाजिक विकास मंत्रालय कोशी प्रदेश विराटनगर<br>• प्रदेश अन्तर्गत लैससासमा काम गर्ने निकायहरु मुख्य मन्त्री तथा मन्त्रिपरिपदको कार्यालय, कोशी प्रदेश, विराटनगर<br>• राष्ट्रिय मानव अधिकार आयोग, कोशी प्रदेश कार्यालय, बिराटनगर<br>• संघीय मामला तथा सामान्य प्रशासन मंत्रालय, सिंहदरवार काठमाण्डौ |

| | | |
|---|---|---|
| | • दलित, महिला, बालबालिका जेष्ठ नागरिक, जातीय उत्थान र अपाङ्गताको क्षेत्रमा काम गर्ने गैह्र सरकारी संस्थाहरु | • महिला बालबालिका तथा जेष्ठ नागरिक मंत्रालय, सिंहदरवार काठमाण्डौ |

## २.५. लक्षित वर्ग पहिचान

महिला दलित, आदिवासी, जनजाती, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, अल्पसंख्यक, सिमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येस्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्तिहरु अशक्त वा अशाहाय, पिछडिएको क्षेत्र, एकल महिला, आर्थिक, सामाजिक रुपमा पछाडी परेका व्यक्तिहरुमा दलित तथा अल्पसंख्यक (बि.क) हरुको पहिचान गर्ने प्रयास गरिएको छ ।

**तालिका ३: लक्षित वर्ग पहिचान**

| | | |
|---|---|---|
| एकल महिला | दलित (तराई पहाड दुवै) | अपांगता भएका व्यक्तिहरु |
| हिंसा पिडित महिला | लोपोन्मुख तथा सिमान्तकृत जातजाती | असहाय जेष्ठ नागरिक |
| लैङ्गिक/यौनिक अल्पसंख्यक | आदिवासी जनजाती | विद्यालय नजाने बालबालिका |
| हिंसा पिडित पुरुष | गरिव विपन्न र सुकुमवासी घरपरिवार | किशोर किशोरी तथा युवा |

## २.६. लक्षित वर्गका समस्या पहिचान

**तालिका ४: लक्षित वर्ग समस्या पहिचान**

| **लक्षित वर्ग** | **समस्या** |
|---|---|
| महिला | • अर्थपूर्ण सहभागिताको कमी/अभाव<br>• महिलाहरुमा कामको तेहरो जिम्मेवारी<br>• विभिन्न रुढीवादी परम्परागत सोच<br>• विविध कारणले महिलाहरु घर बाहिर निर्धक्क भएर निस्कन नसक्नु<br>• कारण- घरको सम्पूर्ण कामको भार, बालबालिका हुर्काउने काममा महिलाको मात्र भूमीका र दायित्व हुनु, शिक्षा र आर्थिक अवसरको कमीका कारण महिला पछि परेकाले महिलाको आत्मवल कम हुनु, समुदायमा अहिले सम्म पनि महिलालाई गृहिणीको रुपमा मात्र सिमित राख्न खोज्ने सोच भएको<br>• महिलामैत्री कानून भएतापनि यसको उचित कार्यान्वयन नहुनु |
| दलित | • समाजमा छुवाछुत तथा विभेदपूर्ण व्यवहार विद्यमान रहनु र छुवाछुत उन्मूलनको कानून भएतापनि यसको उचित कार्यान्वयन नहुनु<br>• दलित सशक्तिकरण कार्यक्रम संचालनका लागि बजेट विनियोजन हुन नसक्नु |
| आदिवासी जनजाति | • ग्रामीण भेगमा महिला पुरुष र छोरा छोरीमा भेदभाव रहनु<br>• कतिपयमा शिक्षा भएर पनि आत्मवलको कमी भएको<br>• आदिवासी जनजातीहरुका परम्परागत ज्ञान सिपको संरक्षणको अभाव |

| | |
|---|---|
| अपाङ्गता भएका व्यक्ति | • अपाङ्गता भएका बालबालिकाहरुले सहज रुपमा शिक्षा पाउन नसक्नु<br>• समान अवसरबाट बञ्चित साथै सार्वजनिक सेवा तथा स्रोतमा सहज पहुँच नहुनु<br>• अपहेलना, मानसिक यातना, अपमानजनक ब्यबहार तथा यौनजन्य दुर्व्यवहारको शिकार हुनु<br>• कुनैपनि विकास क्रियाकलापमा अपांगता भएका व्यक्तिहरुको अर्थपूर्ण सहभागिता नहुनु |
| बालबालिका | • आर्थिक समस्या र शिक्षाको कमीले अझै पनि बालबालिकाहरु सडकमा रहेका<br>• बालमैत्री तथा सचेतनामूलक क्रियाकलापहरु संचालन नहुनु र बाल सहभागिताको अभाव<br>• सम्वन्ध विच्छेद भएका आमाबावुका छोराछोरीहरु मानसिक रुपमा विछिप्त हुनु<br>• बाबुआमाका घरायसी झगडाले बालबालिकाको मानसिकतामा नकारात्मक असर पर्नु<br>• आर्थिक रुपमा विपन्न परिवारका बालालिकाहरु अझैपनि शिक्षाबाट बञ्चित भएको<br>• प्रविधि तथा सामाजिक संजालको दुरुपयोग<br>• लागु औषध प्रयोगमा बालबालिकाको संख्या बढदै जानु |
| जेष्ठ नागरिक | • केहि परिवारमा बृद्ध अवस्था हुदै गएपछि रेखदेखको कमी<br>• केहि परिवारमा औषधि उपचार तथा सम्मानपूर्ण व्यवहारको अभाव<br>• केहि परिवारमा सामाजिक सुरक्षा भत्ता पनि परिवारका अन्य सदस्यले निकालेर बृद्ध बृद्धालाई नदिएको अवस्था |
| पुरुष | • बैदेशिक रोजगारीका कारण पुरुषहरु माथी पनि हिंसाका घटनाहरु बढ्दै जानु<br>• कतिपय अवस्थामा महिलाहरुले पनि आफूले पाएको अधिकारको दुरुपयोग गर्ने गरेको<br>• बढि महत्वाकांक्षी भई आर्थिक मामलालाई मात्र प्राथमिकता दिंदा परिवारमा विखण्डन आएको |
| युवा/ किशोर/ किशोरी | • प्रविधि मैत्री तथा शिपमूलक शिक्षाको अभाव रहेको<br>• विद्यालयहरुमा व्यवहारिक गतिविधि (Practical activities) हरुको कमी भएकोले सैद्धान्तिक विषय मात्र पढेर कुनैपनि व्यवहारिक ज्ञान तथा अनुभव नहुने र शैक्षिक प्रमाणपत्र भएर पनि समयमै कुनै काम नपाउने समस्याले शैक्षिक वेरोजगारी बढिरहेको<br>• कलेजका पाठ्यक्रम र वास्तविक काम गर्ने ठाँउमा चाहिने ज्ञान सिपसंग तालमेल नमिल्ने तथा पढाईको क्रममा व्यवहारिक अनुभव हासिल गर्ने गरी ईन्टर्नशिपका कार्यक्रमहरुको कमी<br>• युवाहरु बेरोजगारीका कारण भविश्य सुनिश्चित नदेखेर विदेश पलायन भईरहेको<br>• युवाहरु लागु औषधको कुलतमा फस्ने र यस्ता दुर्व्यसनीको संख्यामा बृद्धि हुँदै गएको<br>• महिनावारीको समयमा किशोरीहरुलाई स्कुलमा समस्या हुने<br>• सामाजिक संजालको दुरुपयोग बढ्दै गएर उत्पादनमूलक काममा लाग्नुको सट्टा यौन हिंसा, दुर्व्यवहार तथा लागु औषधको कुलतमा फस्ने गरेको<br>• धेरै पैसा कमाउने लोभमा अपराधिक कृयाकलापहरु बढ्दै गएको |
| गरिव विपन्न तथा सुकुम्वासी परिवार | • जग्गाजमिनको सिमितता वा हुँदै नहुनुका कारण कृषिमा आधारित व्यवसाय गर्न नसक्नुका कारण खाद्य असुरक्षा भई विहान बेलुकाको खाद्य जोहो गर्न नै कठीन भएको |

| | |
|---|---|
| | • जीवन निर्वाहका लागि ज्याला मजदुरी तथा तत्कालिन आम्दानीका कामहरु गर्नु पर्ने बाध्यताका कारण दीर्घकालिन सोच राख्न नसक्नु<br>• अशिक्षा र चेतनाको कमीका कारण बालविवाह, घरायसी कलह, मदिराको अत्याधिक सेवन लगायतका सामाजिक कुरीति तथा हानीकरक सामाजिक प्रचलनबाट पिडीत रहनु<br>• विकासका क्रियाकलापहरुमा सहभागीताको कमी, स्रोत साधनमा न्यून पहुँच, निर्णायक तहमा प्रतिनिधित्व हुन नसक्नु तथा विकासको मूलप्रवाहीकरण प्रकृयाबाट अलग रहनु |
| लैङ्गिक तथा यौनिक अल्पसंख्यक | • लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको पहिचान हुन नसक्नु<br>• खुलेर समाजमा आउन नचाहनु र समान अवसरबाट बञ्चित हुनु<br>• समाजबाट अपमानजनक व्यबहार तथा विभेदपूर्ण दृष्टिकोण राखु |

## ३. दिर्घकालीन सोच

लैससास सम्बन्धि सामाजिक तथा संस्कृतिक रुपमा बिधमान मूल्य, मान्यता, प्रथा संस्कार र व्यवहारमा परिवर्तन गर्दै विकास प्रक्रियामा महिला पुरुष, लैंगिक तथा यौनिक अल्पसंख्यक, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरु, सिमान्तकृत समुहहरु तथा पिछडिएका बर्गहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गरि आर्थिक, सामाजिक, राजनैतिक, र सार्वजनिक जीवनमा सशक्तिकरण गर्न लैंगिक मैत्री, समाबेशी समानुपातिक र समतामुलक समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने |

## ४. धेय

महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव र हिसालाई निरुत्साहित गर्दै आर्थिक सामाजिक र राजनैतिक रुपमा सशक्तिकरण सहित कानुनी तथा ब्यबहारिक रुपमा महिला, पुरुष, लैंगिक तथा यौनिक अल्पसंख्यक, बालबालिका ज्येष्ठ नागरिक अपांगता भएका व्यक्तिहरु, सिमान्तकृत समुहहरु तथा पिछडिएका बर्गहरु बीच समानता स्थापित गर्ने |

## ५. लक्ष्य

आर्थिक, सामाजिक र राजनैतिक रुपमा सशक्तिकरण सहित कानुनि तथा व्यवहारिक रुपमा महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरु, सिमान्तकृत समूह तथा पिछडिएका बर्गहरु बीच समानता स्थापित गर्ने |

## ६. उद्धेश्यहरु

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिको उद्देश्य लैससास अवधारणा अनुसार स्थानीय तहले गर्ने सम्पूर्ण विकास योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक श्रोतको सुनिश्चिता, उपलब्धिको समतामूलक वितरण उपयोगी बनाउने रहेको छ । यसका मुख्य उद्देश्यहरु निम्न अनुसार छन् ।

- लैङ्गिक उत्तरदायी तथा समावेशी नीति, कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयन मार्फत गाउँपालिकाको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला र पिछडिएका वर्ग तथा सीमान्तकृत समूहहरुको समाबेशीता र अर्थपूर्ण सहभागिता गराई लैङ्गिक तथा सामाजिक सवालहरुलाई सम्बोधन गदै लैससास मूलप्रबाहिकरण गर्ने।
- गाउँपालिका भित्र लैससासका लक्षित वर्ग भनी पहिचान भएका वर्ग तथा समुदायको आर्थिक र सामाजिक सशक्तिकरण गर्दै विकास प्रकृयामा उनीहरुको समान पँहुच र नियन्त्रणको अवसर सृजना गर्ने;
- परम्परागत रुपमा चलीआएका हानीकारक सामाजिक मूल्य मान्यता तथा कुसंस्कार विरुद्ध जनचेतना अभिवृद्धि गरी लैङ्गिक तथा सामाजिक न्यायमा आधारित व्यवहार परिवर्तन र कानूनी रुपमा मानव अधिकारको पूर्ण उपभोग गर्ने अवसर सृजना गर्ने |

# ७. रणनीतिहरु

माथिका उद्देश्यहरु पुरा गर्नको लागि गाउँपालिकाका लक्षित वर्गहरुका समस्या र सवालहरूका आधारमा उनीहरुलाई सशक्तिकरण गर्ने, निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने, आर्थिक गतिविधिहरुमा लक्षित वर्गको सहभागिता बढाउने, गाउँपालिकाबाट प्रवाह हुने सेवा प्रवाहलाइ पारदर्शी र जवाफदेही बनाउने, लक्षित वर्गको पक्षमा नीति नियमहरु बनाउने र लैससासको अवधारणालाई सवै क्षेत्रमा संस्थागत गर्ने विषयहरुमा केन्द्रित भई देहाय बमोजिमका रणनितिहरु तय गरिएकोछ:

## ७.१ मूलप्रवाहिकरण

- नीतिगत व्यवस्था, योजना, कार्यक्रम, बजेट र अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा लैससास मैत्री नीतिगत व्यवस्था, योजना, कार्यक्रम, बजेट र अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा बहिस्करणमा परेका समुदायहरुलाई समावेश गरी मुलप्रवाहिकरण गरिनेछ।
- लैससास बजेट तर्जुमा र परीक्षण, लैससास मैत्री संस्कृति र कार्य वातावरण सृजना गर्दै संस्थागत प्रणाली तथा संरचनाहरु र कार्यक्रमहरुमा लक्षित वर्गहरुको समावेशीकरण, अर्थपूर्ण सहभागिता, पँहुच र अवसरहरु सृजना गर्दै लगिनेछ।

## ७.२ सशक्तिकरण:

विकासका अवसरबाट बन्चित, श्रोत र साधनको पहुँच तथा नियन्त्रणमा पछाडी परेका वा पारिएका लक्षित वर्गहरुको व्यवहारिक तथा रणनैतिक आवश्यकताहरुको सम्वोधन र क्षमता विकास गरी उनीहरुको आर्थिक तथा सामाजिक सशक्तिकरण गर्दै लगिनेछ।

## ७.३ क्षमता बिकास:

- गाउँपालिकाका जनप्रतिनिधिहरु, विभिन्न शाखा, उपशाखाका कर्मचारीहरु र स्थानीय सेवा प्रदायक तथा सरोकारवाला संघ-संस्थाहरुलाई लैससास प्रति उत्तरदायी र जवाफदेही बनाउन योजनाबद्ध रुपमा क्षमता अभिबृद्धिका कार्यक्रमहरु संचालन गरिने छ ।
- लक्षित वर्ग र समुदायको योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गरी आर्थिक तथा सामाजिक बिकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ।

## ७.४ समन्वय, सहकार्य र सहजीकरण:

लैससास मूलप्रवाहीकरण रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक प्राविधिक तथा आर्थिक स्रोत साधनहरुको प्रयाप्त व्यवस्था गर्न केन्द्र, प्रदेश र स्थानीय सरकार, र बिभिन्न प्रतिष्ठान, आयोग, समिति, दातृ निकाय, विभिन्न सरकारी, एवं गैह्र सरकारी निकायहरुसंग साझेदारी / सहकार्य, समन्वय र सहजीकरण गरिने छ,

## ७.५ अनुगमन तथा मूल्यांकन

